जि.प्र.का.झापा द.नं.६९। ०५७१०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - १५८ ❑ २०८३ असार १ गते सोमबार ❑ Monday, 15 June, 2026 ❑ मूल्य ७ /-




## शिक्षा, बाटो र पहिचान (३)


✍ बाँस्कोटा धनञ्जय
baskota69@gmail.com



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९







### झापाको औद्योगिक पार्क अलपत्र

# सरकार परिवर्तनसँगै निर्माणकार्य अन्यौलमा

◆ खर्च भइसकेको १ अर्ब बढी राज्यकोषको रकम वालुवामा पानी ◆ पाँच वर्ष अगाडि शिलान्यास गरिएको परियोजना शिलान्यासमै सीमित ◆ करिब २५ प्रतिशत जग्गाधनी अझै मुआब्जाविहिन

✍ बिमल लामिछाने



दमक/ झापाको दमक, कमल र गौरादहको संगमस्थलमा बन्ने भनिएको नेपाल-चीन मैत्री औद्योगिक पार्क अन्योलमा परेको छ । सो पार्क १६ फागुन ०७७ मा शिलान्यास गर्दै तत्कालीन प्रधानमन्त्री केपी ओलीले दुई वर्षभित्र सय उद्योग स्थापना गर्ने घोषणा गरेका थिए । तर, अहिलेसम्म औद्योगिक क्षेत्र निर्माणको काम सुरू हुनै सकेको छैन । जेन-जी आन्दोलनपछिको सरकार परिवर्तन र संघीय सरकारको निर्वाचन परिणामसँगै यो औद्योगिक पार्क निर्माण कार्य थप अन्योलमा परेको हो ।

दमक नगरपालिका- १०, गौरादह नगरपालिका- ५ र कमल गाउँपालिका- ७ को संगमस्थल रतुवा नदीआसपासमा दुई हजार दुई सय बिघा क्षेत्रफलमा औद्योगिक पार्क बनाइने योजना थियो ।

नेपाल-चीन मैत्री औद्योगिक पार्कका अध्यक्ष गोविन्द थापाले ओली नेतृत्वको सरकारले सम्झौताको अन्तिम चरणमा पुगेर काम गरिरहेका बेला सरकार ढलेसँगै थप काम अघि नबढेको बताए । उनले भने - 'अन्तिम सम्झौता गरेर काम शुरू गर्ने र काम शुरू गरेको पहिलो चरणमा ४५ हजारलाई रोजगारी दिने भन्ने थियो, लागानी बोर्डबाट फिल्ड रिपोर्ट सकेर लगानी वोर्डमा फायल पुर्‍याएका थियौं, सरकार ढल्यो त्यसपछि काम अघि बढेको छैन ।'

दमक- १० का वडाध्यक्ष राजेन्द्रप्रसाद भण्डारीले पनि शिलान्यास पछि काम अघि नबढेको बताए । अधिवक्ता विमल संग्रौलाले भने- 'तत्कालिन प्रधानमन्त्री ओलीको पछिल्लो चीन भ्रमणका क्रममा पनि यो पार्क प्राथमिकतामा परेको थियो । तर पछिल्लो समय कुनै काम अघि बढेको छैन । दमक नगरपालिका-३ मा निर्मित १८ तले 'दमक बिजनेस कम्प्लेक्स' निर्माणको उद्देश्य औद्योगिक पार्कमा खुलेका उद्योगको कर्पोरेट अफिस राख्ने थियो, त्यो भवन बनिसक्यो तर प्रयोजनमा ल्याइएको छैन ।' औद्योगिक पार्क निर्माणका बाँकी ४ पेजमा ▸▸

### कांग्रेस इतर पक्षको विराटनगर भेला

# पार्टी विभाजन भईसकेको दावी



विराटनगर । नेपाली कांग्रेसको संस्थापनइतर समूहले विराटनगरमा आयोजना गरेको एकता भेलामा शीर्ष नेताहरूले पार्टी नेतृत्वको कार्यशैलीमाथि कडा असन्तुष्टि व्यक्त गर्दै कांग्रेस गम्भीर आन्तरिक संकटमा पुगेको बताएका छन् । नेताहरूले पार्टीभित्र बढ्दो असहमति, संवादहीनता र निर्णय प्रक्रियामाथि प्रश्न उठाउँदै कांग्रेसलाई एकताबद्ध बनाएर अघि बढ्नुपर्नेमा जोड दिएका छन् ।

पूर्वमहामन्त्री डा. शशांक कोइरालाले कांग्रेस व्यवहारिक रूपमा फुटिसकेको टिप्पणी गर्दै सर्वोच्च अदालत र निर्वाचन आयोगका निर्णयहरूले पार्टीलाई विभाजनको अवस्थामा पुर्‍याएको आरोप लगाए । उनले अहिलेको सबैभन्दा ठूलो आवश्यकता पार्टी एकता भएको बताउँदै कांग्रेस बलियो नभएसम्म देशको विकास र लोकतन्त्रको सुदृढीकरण सम्भव नहुने धारणा राखे । पुराना र अनुभवी नेताहरूलाई पाखा लगाएर पार्टी सञ्चालन गर्न नसकिने भन्दै उनले वर्तमान नेतृत्वलाई सबै पक्षलाई समेट्न आग्रह गरे ।

नेता डा. शेखर कोइरालाले कांग्रेसभित्र निरंकुशताको सुरूवात भएको आरोप लगाए । लोकतन्त्र स्थापना र निरंकुशताको अन्त्यका लागि जन्मिएको पार्टीमै वडाध्यक्षहरूलाई मौखिक रूपमा हटाउने प्रवृत्ति बढेको भन्दै उनले त्यसलाई लोकतान्त्रिक मूल्यविपरीत भएको बताए । कांग्रेसभित्र सहमति, सहकार्य र एकताको वातावरण निर्माण नगरे पार्टी कमजोर हुने र त्यसको प्रत्यक्ष असर लोकतन्त्र तथा राष्ट्रिय सार्वभौमिकतामा पर्ने चेतावनी दिए ।

पूर्वउपसभापति विजयकुमार गच्छदारले सभापति गगन थापाको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै नेतृत्वमा अहंकारभन्दा संवाद र समन्वय आवश्यक रहेको बताए । विशेष महाधिवेशन र अदालती प्रक्रियाबाट सभापति बने पनि अग्रज नेताहरूको अनुभवबाट सिक्नुपर्ने उनको सुझाव थियो । पार्टीभित्र स्थापित नेताहरूलाई किनारा लगाउने प्रयास भइरहेको बाँकी ४ पेजमा ▸▸

## इलामका ५३ चिया उद्योग बन्द हुने

इलाम/ इलामको सूर्योदय नगरपालिका भित्रका उद्योगीहरूले असार १ गतेदेखि चिया कारखाना बन्द गर्ने निर्णय गरेका छन् । उत्पादित चिया बिक्री गर्न समस्या भएको भन्दै उद्योगीहरूले कारखाना बन्द गर्ने घोषणा गरेपछि किसानहरु ठूलो मर्कामा परेका छन् ।

भारतीय पक्षले विभिन्न बहानामा नेपाली चिया निर्यातमा अवरोध गरेपछि उत्पादनको मुख्य सिजनमै चिया उद्योगीहरूले उद्योग बन्द गर्ने घोषणा गरेका हुन् ।

सूर्योदय नगरपालिकामा मात्रै २ हजार ९ सय ९५ चिया किसान छन् । नगरको ३३ हजार ६ सय ५५ रोपनीमा भइरहेको चिया खेतीबाट वार्षिक करिब २ करोड किलो हरियो पत्ती उत्पादन हुने गरेको छ ।

भारतीय पक्षले अहिले कोलकाता पुगेको चिया बिक्रीमा अवरोध गरेपछि नेपाली भन्सार पार गरिसकेको २ लाख किलोभन्दा बढी चिया त्यहाँका गोदाममै थन्किएको छ । गोदाममा चिया थन्किँदा भाडा र अन्य प्राविधिक बाँकी ४ पेजमा ▸▸

## वडामार्फत् आफ्ना टोलका योजना समेट्न आग्रह

दमक/ दमक नगरपालिका उपप्रमुख रेगिना भट्टराईले सामाजिक सञ्जाल फेसबुकमार्फत नगरवासीलाई आˆनो टोल, समुदाय र वडाको आवश्यकता अनुसारका योजना, कार्यक्रम तथा विकासका प्राथमिकताहरु सम्बन्धित वडा कार्यालयमार्फत सुझाव दिन तथा योजना माग गर्न आग्रह गरेकी छन् ।

'संघीयताको मूल मर्मअनुसार नागरिकको प्रत्यक्ष सहभागितामा योजना छनोट गरी विकासलाई प्रभावकारी बनाउने नगरपालिकाको लक्ष्य रहेको उल्लेख गर्दै उपप्रमुख भट्टराईले समृद्ध र व्यवस्थित दमक निर्माणका लागि सबै नगरवासीलाई हातेमालो गर्न आह्वान गर्दछु ।' उल्लेख छ ।

स्थानीय तहको बजेट निर्माण प्रक्रियामा नागरिकको सक्रिय सहभागिताले वास्तविक आवश्यकता पहिचान गरी विकास योजनालाई जनमुखी र परिणाममुखी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको उप प्रमुख भट्टराईले विश्वास ब्यक्त गरेकी छन् ।

दमक नगरपालिकाले आगामी आर्थिक बाँकी ४ पेजमा ▸▸

## दमक जेसीजद्वारा आयोजित महिला स्वास्थ्य सचेतना कार्यक्रम



दमक/ दमक जेसीजले समय समयमा विभिन्न सचेतनामुलक कार्यक्रम गर्दै आएको छ । यसै सन्दर्भमा दमक नगरपालिकाको सहकार्यमा शनिबार दमकमा महिला स्वास्थ्य सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ । महिलाहरूमा स्वास्थ्यप्रति जागरण अभिवृद्धि गर्ने उद्देश्यले आयोजित कार्यक्रममा २०० भन्दा बढी महिला बाँकी ४ पेजमा ▸▸


**लाईफ लाईन अस्पताल प्रा.लि.**
दमक-५, झापाको

**ओपीडी सेवाहरू :**

दैनिक बिहान ८ बजेदेखि बेलुकी ७ बजेम्म

| | |
|---|---|
| १. डा. मनोज कुमार शाह | : बरिष्ठ हाडजोर्नी तथा नशा रोग बिशेषज्ञ |
| २. डा. सिता राई | : बरिष्ठ प्रसुति तथा महिला रोग बिशेषज्ञ |
| ३. डा. निरज शाह | : बरिष्ठ फिजिसियन |
| ४. डा. साजन ठाकुर | : बरिष्ठ बालरोग बिशेषज्ञ |
| ५. डा. मन्जुल शाक्य | : बरिष्ठ ल्याप्रोस्कोपीक सर्जन |
| ६. डा. एकता घिताल | : बरिष्ठ प्याथोलोजिस्ट |
| ७. डा. सोफिया थुलुङ्ग | : बरिष्ठ अर्थोडन्टिस (दन्तरोग विशेषज्ञ) |
| ८. डा. तिलकचन्द्र शाह | : बरिष्ठ रेडियोलोजिस्ट |
| ९. डा. चन्द्रमोहन शाह | : ल्याप्रोस्कोपीक सर्जन |
| १०. डा. बिबेक लामिछाने | : फिजिसियन |
| ११. डा. शिर्षकदिप श्रेष्ठ | : मनोरोग बिशेषज्ञ |
| १२. डा. मिलन भुषाल | : नाक, कान घाटी रोग बिशेषज्ञ |

सम्पर्क : ९८०१४१४२८६, ९८०१४१४२८३


**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय दमक झापाको**

## प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धमा सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८३/०३/०१

कोशी प्रदेश, झापा जिल्ला, दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय<br>दमक, झापा, कोशी प्रदेश<br>ईमेल: info@damakmun.gov.np<br>फोन नं.०२३५९७००० Ext No. ६४१ |
| प्रस्तावको व्यहोरा | ईन्द्रेणी तालमा मोटरबोट/ पर्यटकीय क्रियाकलाप सञ्चालन |
| प्रभाव पर्न सक्ने क्षेत्र | दमक नगरपालिका वडा नं. १० |
| परामर्शदाताको नाम र ठेगाना | श्री स्वर्णिम ईन्जिनियरिङ कन्सल्टेन्सि, दमक-०१, झापा<br>सम्पर्क नं. ९८५२६८३६७८<br>इमेल : keshavsubedi102@gmail.com |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रहरुमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न दमक नगरपालिका वडा नं. १० तथा त्यस क्षेत्रका स्थानीय वासीहरु, सरोकारवाला व्याक्तिहरु तथा स्थानीय तहका प्रतिनिधीहरु समेतलाई सहभागी गराई सार्वजनिक सुनुवाई/छलफल कार्यक्रम गर्नुपर्ने भएकाले यस प्रस्तावसँग सरोकार राख्ने सम्पुर्ण सरोकारवाला व्याक्तिहरु निम्न मिति र समयमा उपस्थित हुन अनुरोध गर्दै यो सूचना प्रकाशन गरिएको हो।

**कार्यक्रम आयोजना गरिनेस्थान र समय**

| मिति | समय | स्थान | प्रभावित न.पा. (वडा) |
|---|---|---|---|
| २०८३/०३/०६ गते, शनिबार | बिहान ८ बजे | ईन्द्रेणी ताल दमक नगरपालिका वडा नं. १० | दमक नगरपालिका वडा नं. १० |

**प्रमुख प्रशासकीय अधिकृत**

# सम्पादकीय

## सीमा व्यवस्थापनमा दीर्घकालीन दृष्टिकोण आवश्यक

नेपाल-भारत सीमा केवल भूगोलको रेखा मात्र होइन, दुई देशबीचको ऐतिहासिक सम्बन्ध, सुरक्षा, सार्वभौमिकता, व्यापार र जनजीवनसँग जोडिएको संवेदनशील विषय हो । त्यसैले सीमा व्यवस्थापनलाई तत्कालीन राजनीतिक बहस वा घटनाक्रमको विषय मात्र बनाएर हेर्नु पर्याप्त हुँदैन । यसलाई दीर्घकालीन योजना, निरन्तर संवाद र संस्थागत संयन्त्रमार्फत व्यवस्थित गर्न आवश्यक छ । हालै झापाको बिर्तामोडमा सम्पन्न नेपाल-भारत संयुक्त सीमा समीक्षा बैठक र त्यसपछि दशगजा क्षेत्रमा लगाइएको चिया खेती हटाइएको घटनाले सीमा व्यवस्थापनको व्यावहारिक पक्षलाई उजागर गरेको छ । सीमा स्तम्भहरुको संरक्षण, मर्मत तथा पुनःनिर्माणका विषयमा दुवै देशका अधिकारीहरुबीच भएको सहमति सकारात्मक संकेत हो । यसले सीमा समस्यालाई राजनीतिक नाराभन्दा पनि प्राविधिक र प्रशासनिक प्रक्रियाबाट समाधान गर्न सकिन्छ भन्ने सन्देश दिएको छ ।

नेपाल-भारत सीमामा देखिने सबै समस्या एउटै प्रकृतिका छैनन् । कालापानी, लिपुलेक, लिम्पियाधुरा वा सुस्ताजस्ता जटिल विवाद एकातिर छन् भने सीमास्तम्भ हराउने, नदीको बहावले सीमा संकेत नष्ट गर्ने, दशगजा अतिक्रमण हुने वा खेतीपाती विस्तार हुने जस्ता समस्या अर्कोतिर छन् । यस्ता धेरै समस्या नियमित अनुगमन, संयुक्त निरीक्षण र प्रभावकारी व्यवस्थापनबाट समाधान गर्न सकिन्छ । त्यसका लागि दुवै देशका प्राविधिक निकायहरुबीचको सहकार्यलाई निरन्तरता दिनुपर्छ ।

सीमा व्यवस्थापनमा सबैभन्दा ठूलो चुनौती निरन्तरताको अभाव हो । सरकार परिवर्तनसँगै प्राथमिकता फेरिने, समिति गठन हुने तर कार्यान्वयन नहुने प्रवृत्तिले धेरै विषय वर्षौंसम्म अल्झिने गरेका छन् । सीमा जस्तो राष्ट्रिय महत्वको विषयलाई सरकार वा दल परिवर्तनसँग जोडिनु हुँदैन । यसको व्यवस्थापनका लागि स्थायी संयन्त्र, नियमित बैठक, अद्यावधिक अभिलेख र संयुक्त कार्ययोजना आवश्यक हुन्छ । सीमा क्षेत्रका स्थानीय बासिन्दाको सहभागिता पनि उत्तिकै महत्वपूर्ण छ । सीमास्तम्भको संरक्षण, दशगजाको सम्मान र अतिक्रमण नियन्त्रणमा स्थानीय समुदाय सचेत र जिम्मेवार बन्नुपर्छ । राज्यले पनि सीमा क्षेत्रका नागरिकलाई जानकारी, सुविधा र सुरक्षा प्रदान गरेर उनीहरुलाई व्यवस्थापन प्रक्रियाको साझेदार बनाउनु पर्छ ।

सीमा व्यवस्थापनलाई राजनीतिक लाभ-हानिको दृष्टिले होइन, राष्ट्रिय हितको दृष्टिले हेर्नुपर्ने समय आएको छ । सीमासम्बन्धी समस्या समाधानका लागि संवाद, तथ्य र सहकार्य नै सबैभन्दा प्रभावकारी माध्यम हुन् । पछिल्ला पहलहरुले सकारात्मक आधार तयार गरेका छन् । अब आवश्यक कुरा भनेको त्यसलाई निरन्तरता दिँदै दीर्घकालीन र संस्थागत रुप दिनु हो ।

सीमा व्यवस्थापन एक दिन वा एक बैठकबाट पूरा हुने प्रक्रिया होइन । यो निरन्तर चलिरहने राष्ट्रिय दायित्व हो । त्यसैले आज सुरू भएका प्रयासहरुलाई स्थायी संरचना, स्पष्ट नीति र साझा प्रतिबद्धतामा रुपान्तरण गर्न सकिएमा मात्रै सुरक्षित, व्यवस्थित र सम्मानजनक सीमा व्यवस्थापनको लक्ष्य हासिल गर्न सकिनेछ ।

# शिक्षा, बाटो र पहिचान



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

हाइलाइट संवाद भए । धेरै कुरा सुन्यौं उहाँका । शब्दहरु सुन्यौं । शब्दै नभएका भावहरु सुन्यौं । क्याम्पसको चित्र सुन्यौं ।

नारायणगढमा कार्पेट होटलको बसाइपछि बिहानै हाम्रो यात्रा सुरु भयो बुटवलतर्फ । नारायणी नदीको किनारमा बााचेका सपनाहरूको मनमा कैद गदै हामी पश्चिम लाग्यौं । फराकिलो राजमार्गहुँदै हामी हुईंकियौं । मन फराकिलो पार्दै थियौं । विचार फराकिलो पार्दै थियौं । समयले सबैकुराको परिवर्तन गर्दोरहेछ । हुन पनि हो, हिजो बिहानको दश बजे आज बिहानको दश बजे जस्तो पटक्कै हुँदैन । ती दुईवटा दश बजे एउटै पनि होइनन् र उस्तै पनि होइनन् । आजको दश बजे र भोलि बिहानको दश बजे न त एउटै हुन्, न त उस्तै उस्तै हुन् । यही अनुभूतिमा हामी अघि बढ्यौं ।

बाटामा केहीछिन अवरोध भयो । निर्माण कार्य भइरहेको थियो पहिरो गएका ठाउँमा । भत्किनु र बनिनु प्रकृतिको नियम हो । बनिनु नै भत्किनु हो । भत्किनु नै बनिनु हो ।

जीवनका बाटाहरु जस्तै । भत्किएका बाटाहरु बनाउँदै, पन्साउँदै जीवन चलेको हुन्छ । त्यस्तै लाग्यो ।

त्यपछि हामी बुटवलमा रहेको लुम्बिनी वाणिज्य क्याम्पस पुग्यौं । बुटवलको सबैभन्दा ठूलो सम्पत्ति भने पनि हुन्छ, यही सामुदायीक क्याम्पस हो । सारा समुदायको सामूहिक धडकन । उच्च शिक्षाका व्यावस्थापन विषयका अनेकौं विषयहरु अध्यापन गराइरहेको त्यो क्याम्पसका शुष्क आवाजहरु सुनौं भन्ने पनि योजना थियो हाम्रो । क्याम्पस हाताभित्र प्रवेश गर्दा क्याम्पस परिसरकै उत्तरपूर्वमा रहेको देवालयले त्यहाँ भित्र प्रवेश गर्ने हरेकका मनलाई भ्रान्तिबाट शान्तिमा लगिरहेको भान हुन्थ्यो । हामी क्याम्पसका रङ्गहरु पढ्दै पढ्दै क्याम्पस प्रमूख डा. तारा प्रसाद उपाध्ययको कक्षतिर लाग्यौं । संवाद भए । धेरै कुरा सुन्यौं उहाँका । शब्दहरु सुन्यौं । शब्दै नभएका भावहरु सुन्यौं । क्याम्पसको चित्र सुन्यौं । क्यूएए को तेस्रो चक्र पूरा गरेको नेपालको त्यो पहिलो क्याम्पसको कथा सुन्यौं । व्यथा सुन्यौं । पद्धति र सुशासन सुन्यौं । माटो र हावाका अवयवहरु पनि सुन्यौं ।

'कक्षामा कुनै पनि प्रशंगमा प्राध्यापकहरूले राजनीतिक दल, तिनका नेताका नाम उच्चारण गर्न पाउँदैनन् ।' तारा सरको यो बोलीमा शक्ति देखें मैले । राजनीतिले मरणासन्न बनाएका देश भरिका सामुदायीक संस्थाहरु, सामुदायीक क्याम्पसहरु संझें ।

'मलाई पार्टीले यहाँ राजनीति गर्न पठाएको हो' भनेर प्राध्यापकहरूले नै खुलमसुल्ला भनेको सुन्ने यी कुहिएका कानहरु बन्द भए एकछिन् । भ्रम पनि भयो । के म साँच्चै मान्छेकै आवाज सुनिरहेको छु ? कि सपना हो ? तर त्यो सपना थिएन ।

अनि क्याम्पसको युणोस्तर विभागका प्रवक्ता (फोकल पर्सन) पुनराम घिमिरेसंग भलाकुसारी गर्‍यौं एकछिन् । अंग्रेजी विभागकै हुनुहुँदो रहेछ । आफू पनि त्यही विभागको भएर होला, खुसी लाग्यो ।

विभागहरूको सकृयता, सामूहिक जिम्मेवारी, सवलीकरणको व्यवस्था, राजनीतिमूक्त वातावरण, प्राज्ञिक वातावरण साँच्चै नै लोभलाग्दा परिवेशहरु थिए । म आफू पनि दमक बहुमुखी क्याम्पसको अनुसन्धानात्क लेखको प्रकाशन 'दमक क्याम्पस जर्नल' को प्रधान सम्पादक भएको नाताले म अनुसन्धान एकाइतिर पसें । फराकिलो कोठा । दराजहरु, सोफा र कम्प्युटरहरु स्वागतको लागि पर्खिरहेको जस्तो देखिन्थे । उक्त क्याम्पसले प्रकाशन गर्ने अनुसन्धानात्मक लेखहरूको संगालो 'द लुम्बिनी जर्नल अफ विजिनेस एण्ड इकोनोमिक्स' जर्नलका प्रधान संपादक पिताम्बर सापकोटासंग केहीछिन भलाकुसारी भयो । गज्जप त के भने संसारभर अहिले धेरै विश्वविद्यालयहरूले अंगालेको एपीए सातौं संस्करण हो, तर उहाँहरूले आफ्नै पाराले, आफ्नै संरचना 'फर्मेट' मा प्रकाशन गरिरहनुभएको रहेछ । आफ्नै मानक स्थापित गरेका । गज्जप लाग्यो । त्यो जर्नल न त एपीए सातौं अनुसारको थियो, न त एमएलए अनुसार नै । तर त्यसले मानक बनाइसकेको पाएँ ।

'एक्लै गर्नु पर्छ । कसैको भर हुँदैन । दोषको भागीदार पनि आफै हुनु पर्छ । दिक्क लागिराखेको छ,' पचियपछि उहाँ निकै गम्भीर मुद्रामा बोल्नुभयो ।

'यसको व्यवस्था पनि छ नि त,' मैले जिज्ञासा राखें ।

'त्यो त छ । म बिहान पढाउँछु । दिउँसो पढाउनु पर्दैन, तर जर्नलको काम गर्छु । दिउँसोको लागि बिहानको ६० प्रतिशत तलब पाउँछु ।'

म निशब्द भएँ । बोली हरायो ।

'हवस त सर, अब छुटौं । म हजुरलाई मेल गर्छु मलाई जर्नलको संपादनमा केही जिज्ञासा रर्‍यो भने ।'

हामी दुबै बाहिर निस्क्यौं । सरहरु गाडीमा चढेर मतिर संकेत आइरहेको देखें । हामी एउटा थकाली भोजनालयमा खाना खाएर पाल्पाको उकालो लाग्यौं ।

पहाड अग्लिएर पनि खुसी थिएनन् । अग्लो हुनु पनि खुसीको बाटो होइन रहेछ । सुन्दर डाँडाहरु खोला र नदीकिनारका गीत भरेर बाँचिरहेको देखें । आवादी घट्दो छ, बसाई सराई बढ्दो छ । तर बाटा व्यस्त छन् । घर नभएर के भो त, बाटामा भीड भएपछि । त्यो भीड नेपाली गाडीको मात्रै थिएन, त्यो भारतीय गाडीहरूको थियो । सयौं होइन, हजारौंको मात्रामा ती पोखरा आउने र जाने गरिरहेका थिए । ती बाह्य पर्यटक थिए ।

'आधुनिक अर्थतन्त्रको आदर्शविन्दु हो पर्यटन', म भन्दै थिएँ ।

'यी चाहिं काम लाग्दैनन् । गाडीमै खानेकुरा बोकेर आउँछन्, जता पनि सुत्छन् । फोहोर गर्छन् अनि जान्छन्', कृष्ण भाइ बोले । ती भाइको कुराले मेरो तालु सुक्यो । भारतीय पर्यटकको बारेमा यति गहन कुरा आएपछि एकछिन सोच्न बाध्य भयौं हामी ।

हामी उज्यालैमा पोखरा आइपुग्यौं । 'सेन्टर इन लेक' हाम्रो बास र गास बन्यो । झापा दमककै भाइको ठूलो लगानीमा बनेको पूर्ण व्यवसायिक होटल थियो त्यो । आनन्द पनि लाग्यो । 'गर्नेलाई जहीं तहीं, नगर्नेलाई कहीं न कहीं' भन्ने मेरा हजुरबाको बाँणी संझें । हो रहेछ ।

नेपाल भन्ने देशको पहिचान नष्ट गरेको यो समयमा नेपाल के हो भन्नेबारे बिषय नै हराएको बेला साँझको समयले हामीलाई हुत्याएर फेवातालको गेटमा पुर्‍यायो । संधै जसो साँझमा हुने आरतीको प्रस्तुती रहेछ । तीन भाइ युवाहरु उभिएर आरती हातमा बोकी अभिनय गरिरहेका थिए । इश्लाम मुलुकहरूका युवाहरूले मस्जितमा नमाज पढिरहेजस्तो । क्रिश्चियन मुलुकहरूका युवाहरूले चर्चमा प्रार्थना गरिरहेजस्तो । पर्यटकहरूको बाक्लो उपस्थितिले विश्वसमुदाय देखिरहेको थियो । हामीले पनि देख्यौं ।

'निक्कै भाइव आयो, सर', तिलचन्द्र सरलाई त्यो प्रस्तुतिले निक्कै छोएछ । भव सर फोटा र भिडियो खिचिरहनुभएको थियो । रत्न सर मेमलाई लाइभ देखाइरहनुभएको थियो । बासु सर पनि समयलाई कैद गर्न खोजिरहनुभएको थियो । नारायण सर त्यो प्रस्तुतीका बिक्ब र अलंकार हेर्दै गरेको देखें । उहाँलाई बीएको 'भिजुअल आर्टस्' पढाउने सामग्री बनिरहेको थियो । राम सर र चुपचाप दर्शक ।

आफ्नो न फोटा, न त क्यामेरा ।

हैट, कस्तो वेवास्ता ? आफैलाई गाली गरें ।

फेवातालको किनारको साँझमा पस्किइएका रमझम आँखाको अगाडि आइरह्यो । क्रमशः

दमक, झापा

## एक वर्षभित्र हजार बढी मेगावाट विद्युत थपिने

दमक/ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सार्वजनिक गरेको वार्षिक विकास कार्यक्रममा एक वर्षभित्र थप एक हजार ४० मेगावाट जलविद्युत् उत्पादन क्षमता थपिने जनाएको छ ।

सरकारले आगामी आर्थिक वर्षभित्र मुलुकको कुल जडित विद्युत् उत्पादन क्षमता पाँच हजार ३३५ मेगावाट पुर्‍याउने लक्ष्य लिएको छ ।

निर्माणाधीन तथा निर्माणको अन्तिम चरणमा रहेका जलविद्युत् आयोजनालाई समयमै सम्पन्न गर्न विशेष प्रयास गरिने जनाइएको छ । निजी क्षेत्रबाट निर्माण भइरहेका आयोजनालाई पनि सहजीकरण गरी निर्धारित समयमा तिनलाई पनि सम्पन्न गर्ने लक्ष्य छ ।

विद्युत् प्रसारण पूर्वाधार विस्तारलाई पनि उच्च प्राथमिकतामा राखिएको छ । वार्षिक कार्यक्रम अनुसार ६६ केभी प्रसारण लाइन सात हजार ४८ सर्किट किलोमिटरबाट बढाएर सात हजार ८०८ सर्किट किलोमिटर पुर्‍याइने छ ।

यसैगरी, ३३ केभी प्रसारण लाइन आठ हजार ३२५ सर्किट किलोमिटरबाट बढाएर आठ हजार ४२९ सर्किट किलोमिटर पुर्‍याउने लक्ष्य छ ।

आगामी आर्थिक वर्षमा प्रतिव्यक्ति विद्युत् खपत पाँच सय ११ किलोवाट घण्टा पुर्‍याउने तथा विद्युत् चुहावट १२ दशमलव शून्य तीन प्रतिशतमा सीमित गर्ने लक्ष्य लिइएको छ ।

लघु तथा साना जलविद्युत् आयोजनाबाट ४३ मेगावाट तथा सौर्य ऊर्जाबाट ९९ मेगावाट विद्युत् उत्पादन क्षमता थप गरिने कार्यक्रम छ ।

सरकारले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट कार्यान्वयनबाट थप १५ हजार ७७६ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य राखेको छ । साथै, ठुला तथा मझौला नदीमा थप ७० किलोमिटर तटबन्ध निर्माण तथा २१० हेक्टर जमिन उकास गरिने छ । आगामी आवमा १२ वटा प्रसारण लाइन सम्पन्न गर्ने लक्ष्य छ राखेको छ।

## कांग्रेस एकताका लागि गगन-विश्वप्रकाशको प्रस्ताव

दमक । नेपाली कांग्रेसका सभापति गगन थापा र महामन्त्री विश्वप्रकाश शर्माले पार्टीभित्रको आन्तरिक विवाद समाधान गर्दै १५ औं महाधिवेशनलाई मर्यादित, समावेशी र एकताबद्ध बनाउने उद्देश्यसहित तयार पारेको ७ बुँदे प्रस्ताव सार्वजनिक गरेका छन् । गत जेठ १६ गते पार्टीका शीर्ष नेताहरूलाई आन्तरिक रूपमा पठाइएको उक्त प्रस्तावमा १६ दिनसम्म कुनै प्रतिक्रिया नआएपछि जेठ ३१ गते सार्वजनिक गरिएको हो ।

'सबै सँगै बढौं यसरी' भन्ने नारासहित ल्याइएको प्रस्तावमा विशेष महाधिवेशनपछिको परिस्थितिलाई आत्मसात् गर्दै पार्टीभित्र देखिएको ध्रुवीकरण अन्त्य गर्ने र आगामी महाधिवेशनलाई एकताको आधारमा सम्पन्न गर्ने रोडम्याप प्रस्तुत गरिएको छ । प्रस्तावमा विशेष महाधिवेशन, निर्वाचन आयोगको अद्यावधिक तथा सर्वोच्च अदालतको फैसलालाई स्वीकार गर्दै असहमतिका विषयलाई १५ औं महाधिवेशनको बन्दसत्रमा राजनीतिक एजेन्डाका रूपमा छलफल गर्न सकिने उल्लेख गरिएको छ ।

प्रस्तावले केन्द्रीय समितिका सबै सदस्यहरु महाधिवेशन प्रतिनिधि बन्न वडा तहबाटै निर्वाचित भएर आउनुपर्ने व्यवस्था गर्नुपर्ने सुझाव दिएको छ । साथै, विशेष महाधिवेशनमा सहभागी भएको वा नभएको आधारमा कुनै सदस्यमाथि विभेद नगर्ने, निर्धारित समयभित्र क्रियाशील सदस्यता अद्यावधिक गर्ने तथा पार्टीका अग्रज नेताहरूलाई 'वरिष्ठ नेता' को सम्मानजनक भूमिकामा स्थापित गर्ने विषय पनि समेटिएको छ ।

यस्तै, कार्यसमिति बाहिर रहेका नेताहरूलाई जिम्मेवारी प्रदान गर्ने, महाधिवेशनसँग सम्बन्धित विभिन्न समितिहरूमा सम्मानजनक सहभागिता सुनिश्चित गर्ने, केन्द्रीय समितिको अङ्गका रूपमा '१५ औं महाधिवेशन व्यवस्थापन समिति' गठन गर्ने तथा भ्रातृ र शुभेच्छुक संस्थाहरूमा इच्छुक तथा योग्य व्यक्तिहरूलाई नेतृत्वको अवसर दिने प्रस्तावमा उल्लेख छ ।

विशेष महाधिवेशनपछि पार्टीभित्र बढेको तिक्तता र विभाजनको अवस्थालाई अन्त्य गरी संस्थागत एकता कायम गर्न यो प्रस्ताव ल्याइएको गगन-विश्वप्रकाश समूहले जनाएको छ । नेतृत्व तहबाट प्रस्तावप्रति कुनै प्रतिक्रिया नआएपछि यसलाई सार्वजनिक गर्नुपरेको उनीहरूको भनाइ छ ।

## एमालेको 'मिसन जागरण' अभियान

दमक । नेकपा एमालेले आगामी स्थानीय तह र प्रदेश निर्वाचनलाई लक्षित गर्दै 'मिसन जागरण' अभियान सञ्चालन गर्ने भएको छ । पार्टीले सबै केन्द्रीय सदस्यलाई जिम्मेवारी तोकेर ३१ पृष्ठ लामो अवधारणा पत्र तथा कार्ययोजना पठाएको छ, जसको मुख्य उद्देश्य पार्टीको गुमेको जनविश्वास पुनःस्थापित गर्नु, संगठनलाई सक्रिय बनाउनु र निर्वाचनमा सफलता हासिल गर्नु रहेको जनाएको छ ।

पार्टीले तयार गरेको दस्तावेजमा पछिल्ला निर्वाचनमा अपेक्षित परिणाम हासिल गर्न नसक्नुका कारणहरूको समीक्षा गरिएको छ । २०७४ सालको निर्वाचनपछि वाम गठबन्धन र नेकपा गठनबाट उत्साहित बनेको जनमत पार्टी एकता टिक्न नसक्दा तथा एमाले विभाजन भएपछि निराश बनेर वैकल्पिक राजनीतिक शक्तितर्फ आकर्षित भएको निष्कर्ष एमालेले निकालेको छ । दस्तावेजमा राष्ट्रिय स्वतन्त्र पार्टीको उदयलाई नेपालको अस्थिर राजनीतिक अवस्था र भूराजनीतिक प्रभावको परिणामका रूपमा व्याख्या गरिएको छ ।

एमालेले आ ना सरकार र नेतृत्वले गरेका सकारात्मक कामको प्रभावकारी प्रचार-प्रसार हुन नसक्दा जनस्तरमा पार्टीको छवि कमजोर बनेको स्वीकार गरेको छ । पार्टीका प्रचार तथा प्रकाशन विभाग प्रमुख निरज आचार्यका अनुसार अभियानमा खटिने नेताहरूलाई वर्तमान राजनीतिक अवस्था, विगतका निर्वाचन परिणाम, पार्टीले भोगेका चुनौती र भावी कार्यदिशाबारे स्पष्ट बनाउन अवधारणा पत्र तयार गरिएको हो । उनका अनुसार पार्टीका सबै तहका नेताहरूले एउटै सन्देश लिएर जनतामाझ जान सकून् भन्ने उद्देश्यले दस्तावेज तयार गरिएको हो ।

जनतासँगको सम्बन्ध सुधारलाई प्राथमिकतामा राख्दै एमालेले '६ ज' नीति अघि सारेको छ । यसअन्तर्गत जनतामा जाने, जनताका कुरा सुन्ने, जनप्रिय बन्ने, जनसंगठन परिचालन गर्ने, जनताको बहुदलीय जनवादलाई आत्मसात् गर्ने तथा जनमत सर्वेक्षणका आधारमा सक्षम नेतृत्व तयार गर्ने रणनीति अपनाइएको छ । पार्टीले संगठन विस्तारसँगै जनतासँग प्रत्यक्ष सम्पर्क बढाउन पनि जोड दिएको छ ।

अभियानमा डिजिटल माध्यमको उपयोगलाई विशेष महत्व दिइएको छ । सामाजिक सञ्जालको प्रभावकारी प्रयोग, डिजिटल प्रचार, 'अल्गोरिदम' र 'पर्सेप्सन म्यानेजमेन्ट' जस्ता विषयलाई अभियानको महत्वपूर्ण पक्षका रूपमा समेटिएको छ । एमालेले बदलिँदो राजनीतिक र सञ्चार परिवेशअनुसार डिजिटल क्षेत्रमा सक्रिय उपस्थिति जनाउन कार्यकर्तालाई निर्देशन दिएको छ ।

पार्टीले सबै केन्द्रीय सदस्यलाई विभिन्न पालिकाको जिम्मेवारी तोकेको छ भने आवश्यक स्थानमा अन्य नेताहरूलाई पनि परिचालन गरिएको जनाएको छ । जिम्मेवारी पाएका नेताहरु स्थलगत रूपमा सक्रिय भए-नभएको अनुगमन गर्ने व्यवस्था समेत गरिएको छ । केन्द्रबाट खटिने नेताहरूलाई होटलभन्दा जनताको घरमा बसेर जनजीवन बुझ्न आग्रह गरिएको छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

शिक्षा

# तुलसा देवी स्मृति पुरस्कार बितरण सम्पन्न




दमक / साहित्यिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको साहित्य कला सङ्गम दमकले एक कार्यक्रमका बिच तुलसा देवी स्मृति पुरस्कार बितरणको कार्यक्रम भव्यताका साथ सम्पन्न गरेको छ ।

साहित्य कला सङ्गम दमकका अध्यक्ष बिन्दु दहाल मुकदर्शक को अध्यक्षतामा र साहित्यकार डा.उत्तमप्रसाद भट्टराईको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा दमक प्रज्ञा प्रतिष्ठानका पुर्व अध्यक्ष हेमनाथ अधिकारी, साहित्य कला सङ्गमका पुर्व अध्यक्ष नरपति पाण्डे, सल्लाहाकारहरु डा. कमल प्रसाद ओस्ति , पुस्ता राई ,मेची क्याम्पसका प्राध्यापक डा. गंगा प्रसाद अधिकारी मिक्लाजुङ साहित्य समाजका अध्यक्ष ईन्द्र घिमीरे ,अर्लावारी साहित्य समाजका सदस्यहरु रेवतीप्रसाद घिमीरे र जितेन्द्र न्यौपाने , हि मा वि पुर्व बिद्यार्थी समुह २०४४ का अध्यक्ष डा. लेखनाथ न्यौपाने ,साहित्यकार विरेन्द्र थोक्लिहाङ् लगायतको बिशिष्ठ आतिथ्यता रहेको थियो ।

कार्यक्रममा हिमालय माध्यमिक विद्यालय र पृथ्वी माध्यमिक विद्यालयका १०/१० जना छात्र छात्रालाई तुलसा देवी स्मृति पुरस्कार जनही नगद रु २०००/- र प्रमाण -पत्र प्रदान गरिएको थियो । उक्त पुरस्कारको लागि डा. लेखनाथ न्यौपाने को परिवारबाट रु दशलाखको अक्षय कोष स्थापना गरिएको छ ।

कार्यक्रममा साहित्यकला सङगमका उपाध्यक्षहरु यादवप्रसाद अधिकारी भाक्रिखोले र दुर्गा खनाल का ले , महासचिव ओमप्रसाद खनाल , सचिव बिरेन्द्र खड्का ,सह सचिव मेघनाथ बन्धु , कोषाध्यक्ष नेत्रप्रसाद अधिकारी, सदस्य बिबेक दुलाल क्षेत्री ,लेखा समिति संयोजक गीता कुवर, सदस्य मच्छिन्द्र याख्खा र सष्टाहरु किशोर खनाल , हरि पराजुली, गोपाल दहाल लगायतको उपस्थिति रहेको थियो ।

सोही कार्यक्रममा हि.मा. वि. पुर्व बिद्यार्थी समुह २०४४ को तर्फबाट हि मा वि. मा कक्षा ९ र १० मा अध्ययन गर्ने दुई जना छात्र छात्रा लाई छात्रबृति प्रदान गरिएको थियो । कार्यक्रममा सहभागी स्रष्टाहरुले रचना वाचन गरेको उक्त कार्यक्रममा प्रा डा गंगा प्रसाद अधिकारी, साहित्यकार हेमनाथ अधिकारी र हि मा वि पुर्व बिद्यार्थी २०४४ समुहका सचिव अनन्त सेनेहाङ ले शुभकामना मन्तव्य राखेका थिए ।

साहित्य कला सङगमका उपाध्यक्ष दुर्गा खनाल का ले स्वागत मन्तव्य राख्नु भएको उक्त कार्यक्रको सन्चालन साहित्य कला सङ्गमका महासचिव ओमप्रसाद खनालले गरेका थिए ।

# स्मारिका मोडेल युनाइटेड नेसन्स सम्मेलन

कमल । झापाको कमल ५ स्थित स्मारिका सामुदायिक बोर्डिङ स्कुलले तीन दिने 'स्मारिका मोडेल युनाइटेड नेसन्स ' सम्मेलनको आयोजना गरिरहेको छ ।

विद्यार्थीहरुमा कूटनीति र नेतृत्व क्षमता प्रवर्द्धन गर्ने उद्देश्यका साथ आयोजित उक्त सम्मेलनको शुक्रबार एक कार्यक्रमका बीच कमल गाउँपालिकाकी उपाध्यक्ष प्रमिला तिवारीले उद्घाटन गरिन् ।

तीनदिनसम्म चल्ने सम्मेलनमा झापा र मोरङका विभिन्न ८ वटा विद्यालयबाट ८० भन्दा बढी विद्यार्थी प्रतिनिधिहरु सहभागी छन् । सो सम्मेलनमा विद्यार्थीहरुले संयुक्त राष्ट्रसंघका विभिन्न समितिमा रहेर समसामयिक विश्वव्यापी मुद्दाहरुमा गहन बहस र कूटनीतिक संवादको अभ्यास गर्ने विद्यालयका प्रधानाध्यापक गुणराज गिरीले जानकारी दिए ।

प्रज्वल पाठकको अध्यक्षता तथा सविन विष्टको सञ्चालनमा सम्पन्न उक्त उदाटन सत्रमा विद्यार्थीहरुले आकर्षक गायन तथा नृत्य प्रस्तुत गरेका थिए ।

उद्घाटन कार्यक्रममा कमल गाउँपालिका वडा नम्बर ५ का वडाध्यक्ष लाल बहादुर विष्ट, वडा नम्बर ६ का वडाध्यक्ष नगेन्द्र भट्टराई लगायत स्थानीय बिभिन्न संघसस्था लगाायतको उपस्थिति रहेको थियो ।


## ओएसिस एकाडेमीमा विद्यार्थीहरुको रगत परीक्षण

झिलझिले । झापाको शिवसताक्षी ८ स्थित ओएसिस एकाडेमीले विद्यार्थीहरुको निःशुल्क रगत परीक्षण गर्नुका साथै स्वास्थ्यसम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिएको छ । विर्तामोडस्थित मञ्जु मेमोरियल हेल्थ अवार्डनेस सेन्टरको प्राविधिक सहयोगमा एकाडेमीले विद्यार्थीहरुको रगत परीक्षणसहित स्वास्थ्य सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिएको हो । एकाडेमीले आयोजना गरेको सो कार्यक्रममा २ सय ५० विद्यार्थीहरुको रगत परीक्षण गरिएको थियो । त्यस्तै, सोही अवसरमा विद्यार्थीहरुको शारीरिक र मानसिक बृद्धि विकासका लागि उचाई र तौलसमेत मापन गरिएको प्रिन्सिपल उदयप्रकाश राईले बताए । शिविरमा सेन्टरका सुरज शर्मासहितका टीमले विद्यार्थीहरुको रगत परीक्षणपछि सोही कार्यक्रममा रगतको विभाजन (ब्लड ग्रुप) को कार्डसमेत प्रदान गरिएको थियो । प्रिन्सिपल राईका अनुसार स्वास्थ्यसम्बन्धी चेतनामुलक कार्यक्रममा वर्षादको समयसँगै बढ्न सक्ने हैजाबाट बच्न विद्यार्थीहरुलाई व्यक्तिगत सरसफाईको बारेमा जानकारी गराइएको थियो । त्यस्तै, गर्मी मौसममा स्वास्थ्य जीवन यापनका लागि अपनाउनुपर्ने स्वास्थ्य सावधानीका बारेमा समेत आधारभूत जानकारी दिइएको उनले बताए ।

विश्वकप विशेष

# विश्वकपको महाकुम्भ सुरु : ब्राजिल-मोरक्को र कतार-स्विट्जरल्यान्ड बराबरी





एजेन्सी । फिफा विश्वकप अन्तर्गत भएका दुई खेल १-१ गोलको बराबरीमा सकिएका छन् । अमेरिकामा आज बिहान सम्पन्न खेलमा ब्राजिल र मोरक्कोले अंक बाँडेका हुन् ।

न्यु जर्सीस्थित मैदानमा भएको खेलको २१ औँ मिनेटमा इस्माइल साइबार ीले गोल गर्दै मोरक्कोलाई अग्रता दिलाएका थिए । तर ३२ औँ मिनेटमा भिनिसियस जुनियरले गोल फर्काउँदै ब्राजिललाई खेलमा बराबरीमा ल्याए । त्यसपछि दुवै टोलीले थप गोल गर्न नसक्दा खेल १-१ को बराबरीमा टुंगियो । विश्वकप इतिहासमा ब्राजिल र मोरक्कोबीच यो दोस्रो भेट हो। यही समूहको अर्को खेलमा हाइटी र स्कटल्याण्डबीच प्रतिस्पर्धा हुनेछ ।

यस्तै, क्यालिफोर्नियाको सान्ता क्लारास्थित लेभाइस स्टेडियममा भएको अर्को खेलमा कतार र स्विट्जर ल्यान्डले पनि १-१ को बराबरी खेले । खेलको १७औं मिनेटमा ब्रिल एम्बोलोले पेनाल्टीमार्फत गोल गर्दै स्विट्जरल्यान्डलाई अग्रता दिलाएका थिए । कतारका गोलरक्षक महमुद अबुनादाले एम्बोलोलाई फल गरेपछि स्विट्जरल्यान्डले पेनाल्टीको अवसर पाएको थियो ।

खेलभर स्विट्जरल्यान्डले बल नियन्त्रणमा वर्चस्व कायम गरे पनि अग्रता जोगाउन सकेन । इन्जुरी समयको पाँचौं मिनेटमा बुआलेम खुखीले हेडमार्फत गोल गर्दै कतारलाई हार बाट जोगाए । अन्तिम समयमा उत्कृष्ट पुनरागमन गर्दै कतारले महत्वपूर्ण एक अंक सुरक्षित गरेको हो ।

यससँगै दुवै खेल बराबर ीमा सकिँदा ब्राजिल, मोर क्को, कतार र स्विट्जर ल्यान्डले समान एक-एक अंक बटुलेका छन् ।

स्वास्थ्य

गर्मीमा बालबालिकाको हेरचाह

# स्वास्थ्य जोगाउन विशेष सावधानी आवश्यक

दमक । जाडो मौसम समाप्त भएसँगै तापक्रम बढ्न थालेको छ । मौसम परिवर्तनसँगै विशेषगरी बालबालिकामा घमौरा, छालामा एलर्जी, खटिरा, अत्यधिक पसिनाका कारण हुने संक्रमण तथा चिसो लाग्ने जस्ता स्वास्थ्य समस्या देखिन सक्छन्। बालरोग विशेषज्ञहरुका अनुसार गर्मी मौसममा बालबालिकाको खानपान, सरसफाइ, पहिरन र बस्ने वातावरणमा विशेष ध्यान दिन सके यस्ता समस्याबाट धेरै हदसम्म जोगाउन सकिन्छ ।

गर्मीमा बालबालिकालाई हलुका, खुकुलो र सुती कपडा लगाइदिनु उपयुक्त मानिन्छ । सुती कपडाले शरीरमा हावा चल्न मद्दत गर्ने भएकाले बच्चालाई सहज महसुस हुन्छ । धेरै कसिलो वा बाक्लो कपडाले शरीरमा गर्मी बढाउने र छालासम्बन्धी समस्या निम्त्याउन सक्छ। घरबाहिर निस्कँदा भने घामको प्रत्यक्ष असरबाट जोगाउन शरीर ढाक्ने खालका हलुका कपडा लगाइदिनुपर्छ ।

गर्मीका कारण धेरै पसिना आउने भएकाले सरसफाइमा पनि विशेष ध्यान दिन आवश्यक हुन्छ। डाइपर प्रयोग गर्ने बच्चाको हकमा निश्चित अन्तरालमा डाइपर परिवर्तन गर्नुपर्छ । लामो समय एउटै डाइपर लगाउँदा छालामा संक्रमण र र्‍याश हुने सम्भावना बढ्छ। डाइपर फेर्दा सम्बन्धित भाग सफा गरी राम्ररी सुकाएपछि मात्र नयाँ डाइपर लगाइदिनुपर्छ ।

बढ्दो तापक्रमका कारण शरीरबाट धेरै पानी बाहिरिने भएकाले बच्चालाई पर्याप्त तरल पदार्थ दिनु अत्यन्त आवश्यक हुन्छ । स्तनपान गर्ने शिशुलाई नियमित रुपमा दूध खुवाइरहनुपर्छ भने ठूला बालबालिकालाई पानी, फोलिलो खाना तथा फलफूलको रस दिन सकिन्छ। गर्मीमा भोक कम लाग्ने भएकाले शरीरमा पानीको कमी हुन नदिन झोल पदार्थको सेवन बढाउनुपर्ने चिकित्सकहरुको सुझाव छ ।

कतिपय अभिभावकले गर्मीमा बच्चालाई तेलले मालिस गर्ने वा धेरै पाउडर लगाइदिने गर्छन्। तर यसले छालामा एलर्जी वा अन्य समस्या निम्त्याउन सक्छ। त्यसैले अत्यधिक तेल र पाउडरको प्रयोगबाट बच्नुपर्छ । यसको सट्टा बच्चाको छाला सफा र सुख्खा राख्न ध्यान दिनु उपयुक्त हुन्छ ।

गर्मी मौसममा बालबालिकालाई नियमित रुपमा नुहाइदिनु पनि आवश्यक छ। यसले शरीरलाई शीतल राख्नुका साथै पसिना र धुलोका कारण हुने संक्रमणको जोखिम कम गर्छ। विशेषगरी साँझतिर हल्का चिसो पानीले सफा गरिदिँदा बच्चाले आराम महसुस गर्छ ।

बालबालिका बस्ने कोठाको तापक्रम पनि सन्तुलित हुनुपर्छ। अत्यधिक गर्मी वा चिसो दुवैले स्वास्थ्यमा असर गर्न सक्छ। कोठामा पर्याप्त हावा आवतजावत हुने व्यवस्था मिलाउनुपर्छ। एसी प्रयोग गर्दा तापक्रम मध्यम राख्नु उपयुक्त हुन्छ ।

त्यसैगरी, दिउँसोको चर्को घाममा बालबालिकालाई बाहिर ननिकाल्नु नै राम्रो मानिन्छ । घामको प्रत्यक्ष असरले उनीहरुको कोमल छालामा समस्या उत्पन्न गर्न सक्छ। आवश्यक परे बिहान वा साँझको समयमा मात्र केही समय बाहिर घुमाउन सकिन्छ । सामान्य सावधानी अपनाएर गर्मी मौसममा बालबालिकालाई स्वस्थ र सुरक्षित राख्न सकिन्छ ।

# बाँदरबाट जोगिन भोजपुरमा अदुवा खेती

दमक । भोजपुरको पौवादुम्मा गाउँपालिकाले कृषिको आधुनिकीकरण र किसानको आम्दानी बढाउने उद्देश्यले रु २० लाखको लागत साझेदारी कार्यक्रममार्फत अदुवा खेती विस्तार अभियान सञ्चालन गरेको छ । गाउँपालिकाको सो अभियानाबाट परम्परागत बालीमा बाँदरको बढ्दो क्षतिबाट आम्दानी गुमाउँदै आएका पौवादुम्मा गाउँपालिकाका किसान अहिले अदुवा खेतीबाट आय वृद्धि गर्ने लक्ष्यसहित नगदेबालीतर्फ आकर्षित भएका छन् ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईका अनुसार गाउँपालिकाले रु १० लाख र किसानको रु १० लाख साझेदारीमा सञ्चालन गरिएको कार्यक्रमअन्तर्गत वडा नं. ६ ठूलोदुम्माका सात कृषि फर्मलाई अनुदान सहयोग प्रदान गरिएको छ । हाल ठूलोदुम्मा क्षेत्रमा करिब १०० रोपनी जग्गामा अदुवा खेती विस्तार गरिएको उनले बताए ।

भट्टराईका अनुसार अदुवाले बजारमा राम्रो मूल्य पाउने र दीर्घकालीन रुपमा किसानलाई स्थिर आम्दानी दिन सक्ने भएकाले गाउँपालिकाले यसको व्यावसायिक विस्तारमा प्राथमिकता दिएको हो । गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले विगत केही वर्षदेखि बाँदरको आतंकका कारण मकै, कोदो, आलुलगायत परम्परागत बालीमा ठूलो क्षति हुँदै आएकाले वैकल्पिक खेतीको खोजी गर्नुपरेको बताइन् । अदुवा खेतीमा बाँदरको क्षति न्यून हुने भएकाले किसानलाई यसतर्फ प्रोत्साहन गरिएको उनको भनाइ छ ।

कृषि शाखाका प्राविधिक वर्तेन्द्र राईले किसानलाई खेतबारीमै पुगेर तालिम, प्राविधिक परामर्श र नियमित अनुगमन गर्दै आएको जानकारी दिए । अदुवा खेतीको उच्च सम्भावनालाई मध्यनजर गर्दै उत्पादन वृद्धि र व्यवस्थापनमा विशेष ध्यान दिइएको उनले बताए । गाउँपालिका अध्यक्ष किरण राईले स्थानीय स्रोत र सम्भावनाको उपयोग गर्दै कृषिलाई व्यावसायिक बनाउने दीर्घकालीन योजना रहेको बताए । उनका अनुसार अदुवा, बेसार र फलफूलजस्ता नगदेबालीमार्फत गाउँमै रोजगारी सिर्जना गर्ने र किसानको आयस्तर उकास्ने लक्ष्य लिइएको छ ।

अनुदान सहयोगपछि अदुवा खेती विस्तार गर्न सहज भएको स्थानीय किसान दिलिप राईले बताए । युवा किसान समिर राईले पनि बाँदरबाट कम क्षति हुने भएकाले हाल ३० रोपनी क्षेत्रमा अदुवा खेती विस्तार गरेको र आगामी दिनमा थप क्षेत्रफल बढाउने योजना रहेको जानकारी दिए ।




# कमलमा बालबालिकाका लागि प्राथमिक उपचार तालीम शुरु

दमक । झापाको कमल गाउँपालिकाका बालबालिकाहरुलाई लक्षित गरि तीन दिने प्राथमिक उपचार तालीम शुरु भएको छ ।

कमल वडा न. ६को सहयोग तथा नेपाल रेडक्रस सोसाईटी र वडा बाल सञ्जालको संयुक्त आयोजनामा तालीम शुरु भएको हो ।

कमल ५ स्थित रेडक्रस भवनमा शुक्रवार आयोजित तालीममा वडा भित्रका विभिन्न बाल क्लवहरुमा आवद्ध तीन दर्जन बालबालिकाहरुको सहभागिता रहेको रेडक्रस कमल शाखाका सचिव पारषमणि राईले जनाए ।

तालीमको वडाध्यक्ष नरेन्द्र भट्टराईले उद्घाटन गरे । तालीमको उद्घाटनका क्रममा उनले बालबालिकाहरु लक्षित यस किसिमको तालीम जीवनपयोगी हुने विश्वास व्यक्त गरे ।

वडा बाल सञ्जालकी अध्यक्ष लक्ष्मी खतिवडाको अध्यक्षता तथा मा भएको तालीम उद्घाटनमा झापा जिल्ला शाखाका कोषाध्यक्ष ओम गौतम,-उपमन्त्री प्रकाश चन्द्र खरेल, उप-कोषाध्यक्ष हेम खतिवडा, जिल्ला रेडक्रसका कार्यालय प्रमुख हरिशरण खड्का , रेडक्रस कमल पालिका शाखाका सभापति चन्द्र साह, लगायतको उपस्थिति रहेको थियो । तालीममा जिल्ला रेडक्रसको टोलीले सहजीकरण गर्ने छन् ।

तालीम उद्घाटनमा वडा बाल सञ्जालका सचिव सुरज सेढाईले स्वागत मन्तव्य राखेका थिए ।

## दैनिक राशिफल



आज मिति २०८३ साल असार ०१ गते सोमबार 13 June, 2026 तिथि: औंसी

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | सामान्य विवाद कार्यबाट सामान्य लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | शिक्षामा रुचि आयमा बृद्धि । |
| मिथुन | का कि कु घ ङ छ के को हा | कार्यमा निकै खट्नुपर्ने सामान्य धन लाभ । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | कृषि कार्यबाट लाभ बोलीले मित्र बढ्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | सरकार पक्षबाट सहयोग बुबाबाट केही लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मनमा अशान्ति कार्यमा बाधा । |
| तुला | हि हु हे हो डा डि डु डे डो | नशा, हड्डी सम्बन्धी समस्या अचानक केही लाभ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | श्रृंगार, रेडिमेट पसलबाट लाभ प्रेममा सुधार । |
| धनु | य यो भा भी भ धा फा ढ भे | पढाईमा समस्या खर्चमा कमी । |
| मकर | भो जा जी खि खु खे खो गा गी | मनमा अशान्ति कार्यमा रोकावट । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | खुट्टामा केही समस्या आफन्तसँग विवाद । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | नजिकको तिर्थ यात्रा पुरुषार्थ बढ्ने । |

# १२ वर्षमा ९ हजार ७५ किलोमिटर सडक कालोपत्रे



दमक/ विगत १२ वर्षको अवधिमा मुलुकभर ९ हजार ७५ किलोमिटर सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ । नेपाल राष्ट्र बैंकले गरेको एक अध्ययनले सडक विभागअन्तर्गत कालोपत्रे भएको सडकको स्थिति देखाएको हो ।

उक्त अध्ययन अनुसार कालोपत्रेबाहेक अतिरिक्त ७ हजार ६ सय ६९ किलोमिटर सडक ग्राभेल गरिएको छ भने ६ हजार १ सय ८० किलोमिटर नयाँ ट्र्याक निर्माण सम्पन्न भएको छ । साथै, यस अवधिमा सडक सञ्जाललाई जोड्न देशभर १ हजार ६ सय ८७ वटा पुलहरूको निर्माण कार्य समेत सम्पन्न भएको छ ।

सबैभन्दा धेरै कालोपत्रे आर्थिक वर्ष २०८१/८२ मा १ हजार २ सय ३५ किलोमिटर र २०७६/७७ मा १ हजार ५९ किलोमिटर भएको देखिन्छ ।

१२ वर्षको अवधिमा कुल ७ हजार ६ सय ६९ किलोमिटर ग्राभेल भएकोमा आव २०७४/७५ मा सबैभन्दा बढी १ हजार ३ सय १३ किलोमिटर सम्पन्न भएको थियो ।

आव २०७०/७१ मा १ हजार ९ सय ८० किलोमिटर नयाँ ट्र्याक खोलिएको थियो, जुन पछिल्ला वर्षहरूको तुलनामा उच्च हो ।

१२ वर्षमा कुल १ हजार ६ सय ८७ पुल निर्माण भएका छन्, जसमा आव २०७६/७७ मा सबैभन्दा बढी २ सय ९० वटा पुल बनेका थिए ।

चालु आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मको अर्धवार्षिक प्रगति विवरण अनुसार सडक पूर्वाधारतर्फ ९ सय ८ किलोमिटर कालोपत्रे गर्ने वार्षिक लक्ष्य राखिएकोमा हालसम्म १५९ किलोमिटर (१७.५० प्रतिशत) प्रगति हासिल भएको छ । त्यस्तै, ५१.५ किलोमिटर माटे सडकको लक्ष्यमा ३२ किलोमिटर (६२.१४ प्रतिशत) सम्पन्न भइसकेको छ ।

उक्त अध्ययन अनुसार पुस मसान्तसम्ममा ४६ वटा पुलहरूको निर्माण सम्पन्न भएको छ, जुन वार्षिक लक्ष्यको २८.४० प्रतिशत हो । सरकारले राष्ट्रिय गौरवका आयोजना र अन्य रणनीतिक सडकहरूको निर्माणलाई प्राथमिकता दिँदै आएको प्रतिवेदनमा उल्लेख छ । (रासस)

## अन्तर्राष्ट्रिय

# सम्झौता विरुद्ध इरानी जनता सडकमा

एजेन्सी/ अमेरिकासँग सम्भावित शान्ति सम्झौतालाई लिएर विरोध सुरु भएको छ । अमेरिकासँग एक दुई दिनमै सम्झौता हुने खबर आएसँगै इरानी जनता सडकमा उत्रिएका हुन् । इरानको मशहदस्थित विदेश मन्त्रालय कार्यालय बाहिर सयौँ प्रदर्शनकारीले अमेरिकासँगको सम्भावित शान्ति सम्झौताको विरोध गरेका छन् ।

भारतीय समाचार एजेन्सी एएनआईका अनुसार प्रदर्शनकारीहरूले विदेशमन्त्री अब्बास अरघाचीविरुद्ध नाराबाजी गर्दै सम्झौतामा आवश्यकताभन्दा बढी लचिलो भएको आरोप लगाएका छन् । प्रदर्शनकारीहरूले उक्त सम्झौताबाट इरानका रणनीतिक हितमा असर पार्न सक्ने चेतावनी दिएका छन् । उनीहरूले स्ट्रेट अफ होर्मुजमाथिको प्रभाव कमजोर बनाउन सक्ने चिन्ता पनि जाहेर गरेका छन् ।

सामाजिक सञ्जालमा राजधानी तेहरानमा पनि यस्तै विरोध प्रदर्शन भएका भिडियोहरु सार्वजनिक भएका छन् । केही प्रदर्शनकारीले विदेशमन्त्री अराघची र संसद् अध्यक्ष मोहम्मद बाघेर घालीबाफको राजीनामा समेत माग गरेका छन् । तर अमेरिका-इरान सम्भावित सम्झौताबारे अझै अन्योल कायम छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुवै देशबीचको सम्झौतामा अनलाइन हस्ताक्षर हुन सक्ने संकेत दिएका छन् ।

# रोमानियामा प्रधानमन्त्रीको लागि नयाँ उम्मेदवार मनोनीत

एजेन्सी/ रोमानियामा जारी राजनीतिक अनिश्चितता अन्त्य गर्ने प्रयासस्वरूप राष्ट्रपति निकुसोर डानले एड्रियन भेस्टियालाई प्रधानमन्त्रीका लागि मनोनीत गरेका छन् ।

अघिल्लो उम्मेदवारले संसद्मा पर्याप्त समर्थन जुटाउन नसकेपछि राष्ट्रपतिले नयाँ नेतृत्वमार्फत स्थिर सरकार गठनको प्रयास अघि बढाएका हुन् । ५३ वर्षीय भेस्टिया मध्य रोमानियाको ब्रासोभ काउन्टीका अनुभवी राजनीतिज्ञ तथा नेसनल लिबरल पार्टीका वरिष्ठ सदस्य छन् । उनी यसै महिनामा राष्ट्रपति डानले प्रधानमन्त्री पदका लागि मनोनयन गरेको दोस्रो व्यक्ति हुन् । यसअघि प्रधानमन्त्रीका लागि प्रस्तावित युजेन टोम्याकले आवश्यक राजनीतिक समर्थन जुटाउन नसकेपछि आˆनो जनादेश फिर्ता लिएका थिए । संसद्मा मन्त्रिपरिषद् प्रस्तुत गर्ने समयसीमा पूरा हुन नसकेपछि राष्ट्रपति डानले नयाँ विकल्प रोजेका छन् ।

## खेलकुद

# भद्रपुर गोल्डकपको नवनिर्वाचित टिमले गर्‍यो पदभारग्रहण




भद्रपुर । भद्रपुर झापा गोल्डकपको नवनिर्वाचित कार्यसमितिले आगामी दुई वर्षका लागि औपचारिक रूपमा पदभार ग्रहण गरेको छ ।

भद्रपुर-८ स्थित होटल एयरपोर्टको सभाहलमा प्रमाणपत्र ग्रहण, सपथ ग्रहण तथा पदस्थापनसँगै यही जेठ ९ गते सम्पन्न दोस्रो अधिवेशनबाट सर्वसम्मत निर्वाचित कार्यसमितिले औपचारिक रूपमा पदभार ग्रहण गरेको हो ।

यही जेठ ९ गते सम्पन्न अधिवेशनमा निर्वाचन प्रक्रियाबाट अध्यक्षमा दिपेश ढकाल, वरिष्ठ उपाध्यक्षमा आदित्य पराजुली, उपाध्यक्षहरूमा वसन्तकुमार वानियाँ, गौरब सुब्बा, बाबुराम पराजुली र डिल्लीराम घिमिरे 'हिक्मत', महासचिवमा जीवनकुमार श्रेष्ठ, सचिवमा टहल दास मैनाली र तीर्थराज ढकाल, सह सचिवमा योगेन्द्र पौडेल, कोषाध्यक्षमा अजय साहेवाला र सह कोषाध्यक्षमा नितेश वर्मा निर्विरोध निर्वाचित भएका थिए भने सदस्यमा कुमार श्रेष्ठ, कुमार गिरी, भरतचन्द्र गुरूङ, प्रज्वल राई, अर्जुन राई, टेकबहादुर गुरूङ, बिक्की जैसवाल कल्वार, शम्शेर तामाङ, पूर्णमाया सुब्बा, खोमाकुमारी दाहाल, तोयानाथ गड्तौला, कविन राई, रियाज ढकाल, निरासव प्रधान र मुकेश मित्रुका निर्विरोध चयन भएका थिए ।पदभार ग्रहणपछि गोल्डकपको नवनिर्वाचित कार्यसमितिको पहिलो बैठक होटल एयरपार्टमै सम्पन्न भएको छ ।

### सरकार....

लागि जग्गा अधिग्रहण र मुआव्जा वितरण प्रक्रिया प्रति भने स्थानीयले असन्तुष्टि जनाउँदै आएका थिए । कमल ७ स्थित ज्ञानु कटुवालले भने-'धनीपुर्जा नभएका, वर्षौंदेखि बसोबास गरेका सुकुम्बासी र फिल्ड बुक भई धनीपुर्जा नभएकाको हकमा प्रक्रिया मौन देखिएपछि विरोध भएको थियो, अहिले त कामै भएको छैन ।' विकास निर्माण हुँदै गर्दा कुनै पनि नागरिकको उठिबास लाग्न नहुने उनको भनाई छ ।

निर्माणको काम समयमा नहुँदा मुआब्जा पाएकाले पनि खेती खनजोत गरिरहेका छन् । कमल ७ का निलम कटुवालले भने-'पछिल्लो समय जग्गा मुआब्जा दिनेकार्य पनि अपरझट जस्तै रोकियो, करिव २५ प्रतिशतले अझै मुआब्जा पाएका छैनन्, अहिले त कतिपय स्थानमा खोलाले कटान गरेर गइरहेको छ ।' उनले भने । औधोगिक पार्क बन्ने आशामा खोला तटबन्धको काम पनि भएन, वर्षायाममा यस क्षेत्रमा हुने डुवानले सास्ती दिइरहेको छ ।

२०७३ सालबाट निर्माण सुरू गरिएको यो पार्कका लागि सरकारले रतुवा खोला र खोलाको बगर भित्र पर्ने २ हजार १०० बिघा क्षेत्रफलमा औद्योगिक पार्क निर्माणका लागि जग्गा खरिद गर्नमात्रै सरकारले १ अर्ब १८ करोड ४५ लाख ३६ हजार ८७६ रूपैयाँ खर्च गरिसकेको छ । यीमध्ये केही भाग अहिले पनि बगरभित्रै पर्दछन् ।

५६० बिघा ५ कट्ठा १६ धुर जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा आइसकेको छ, जुन औद्योगिक क्षेत्र व्यवस्थापन गर्ने जिम्मेवारी पाएको सरकारी निकाय हो । ७७८ बिघा १३ कट्ठा जग्गाको मुआब्जा निर्धारण भइसकेको छ भने बाँकी ऐलानी जग्गा पर्छ ।

लक्ष्य अनुसार सरकारले ५६० बिघा जग्गा खरिद गरिसकेका कारण अब २१९ बिघा खरिद गर्न बाँकी थियो जसको मुआब्जामा मात्रै सरकारी मूल्य अनुसार २३ करोड ९१ लाख ५९ हजार ७३२ रूपैयाँ खर्च हुने देखिन्छ । सरकार परिवर्तन भएसँगै अब थप काम हुने या नहुने भन्ने अन्योल छाएको छ ।

### पार्टी....

भन्दै उनले कांग्रेस जोगाउन सबै पक्षाबीच सम्मानपूर्ण सम्बन्ध आवश्यक रहेको उल्लेख गरे । उनले नेता तथा कार्यकर्तालाई नडराई लोकतान्त्रिक मूल्यको पक्षमा उभिन पनि आग्रह गरे ।

त्यस्तै नेता कृष्णप्रसाद सिटौलाले देशमा डर र तर्साउने राजनीतिक संस्कृतिले जरा गाड्दै गएको टिप्पणी गरे । कांग्रेसले यस्तो प्रवृत्तिको अन्त्य गर्दै लोकतान्त्रिक मूल्य, संवैधानिक व्यवस्था र जनविश्वासको रक्षा गर्नुपर्ने उनको भनाइ थियो । पार्टीभित्रको विवाद समाधान गर्न नेतृत्वले साहसिक निर्णय लिनुपर्ने बताउँदै उनले अनावश्यक ढिलाइ र अन्योल अन्त्य गर्न आग्रह गरे ।

भेलामा सहभागी अधिकांश नेताहरूले कांग्रेसभित्र देखिएको आन्तरिक विवाद चाँडै समाधान गरी पार्टीलाई एकताबद्ध बनाउन नसके लोकतन्त्र र कांग्रेस दुवै कमजोर हुने चेतावनी दिएका छन् । संस्थापनइतर समूहको यो भेलाले कांग्रेसभित्रको असन्तुष्टि थप सतहमा ल्याएको राजनीतिक विश्लेषकहरूको बुझाइ छ ।

### जेसीज....

दिदीबहिनीहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

कार्यक्रममा पूर्वाञ्चल क्यान्सर अस्पतालका स्त्रीरोग तथा क्यान्सर रोग विशेषज्ञ (HOD Gynae Oncology) डा. ज्योति भजु लामाको नेतृत्वमा रहेको विशेषज्ञ टोलीले महिलामा हुने विभिन्न प्रकारका क्यान्सर, त्यसको समयमै पहिचान तथा रोकथामका उपायबारे जानकारी गराएको थियो ।

त्यसैगरी अनिता उप्रेती तथा मनोसामाजिक परामर्शदाता सुश्री प्रमिला गौतमले महिलामा देखिने स्वास्थ्य समस्या, मानसिक स्वास्थ्य तथा मनोसामाजिक पक्षका विषयमा प्रशिक्षण तथा सचेतनामूलक प्रस्तुति दिएका थिए । सहभागीहरूले महिलाको स्वास्थ्य, मानसिक सशक्तीकरण र रोगको समयमै पहिचानबारे जनचेतना अभिवृद्धि गर्न कार्यक्रम प्रभावकारी बनेको बताएका छन् ।

दमक जेसीजका अध्यक्ष राजेन्द्र बिमलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा दमक नगरपालिकाका प्रमुख रामकुमार थापाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा नेपाल जेसीजका राष्ट्रिय उपाध्यक्ष जेसीआई सिनेटर विदुर थापा, दमक नगरपालिकाका सामाजिक विकास शाखा प्रमुख केशव प्रसाई, दमक जेसीजका पूर्व अध्यक्षहरु, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो ।

कार्यक्रमको संयोजन दमक जेसीजकी पर्यवेक्षक सदस्य अनु भण्डारीले गरेकी थिइन । जेसीज आस्था पाठ दमक जेसीजका उपाध्यक्ष कुमार गजुरेलले वाचन गरेका थिए । औपचारिक कार्यक्रमको सञ्चालन महासचिव रूबल अधिकारीले गरेका थिए । कार्यक्रममा उत्साहजनक सहभागिता रहेको जनाइएको छ ।

### इलामका...

समस्याले उद्योगहरु आर्थिक दबाबमा परेका छन् । त्यस्तै नेपालका उद्योगहरूमा १० लाख किलोभन्दा बढी चिया थन्किएको उद्योगीहरूले बताएका छन् ।

इलामको सूर्योदय अर्थोडक्स टी प्रोड्युसर्स एसोसिएसनमा ५३ वटा उद्योग आबद्ध छन् । ती उद्योग बन्द हुँदा किसानको बगानमा रहेको चिया बोटमै खेर जाने अवस्था आएको भन्दै किसानहरूले चिन्ता व्यक्त गरेका छन् ।

नेपालमा यति बेला 'फर्स्ट ˆलस' (पहिलो टिपाइ) को तयारी चिया बिक्री गर्ने मुख्य सिजन हो । तर, भारतीय चिया बोर्डले सबै बोराको गुणस्तर परीक्षण गर्नुपर्ने नयाँ नियम लगाएपछि चिया बिक्री हुन सकेको छैन । यसअघि प्रत्येक गाडीको गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था थियो । नयाँ व्यवस्थाअनुसार नेपाली सीमा पार भएर कोलकाता पुगेपछि पनि चिया बिक्री हुन सकेको छैन ।

एसोसिएसनका अध्यक्ष डिल्ली श्रेष्ठले उत्पादित चिया भण्डारणमा गम्भीर समस्या देखिएको बताए । "कारखानामा चिया प्रशोधन भइरहेको छ, तर निर्यात हुन सकेको छैन । निर्यात नहुँदा उद्योगका भण्डारहरु भरिएका छन्," उनले भने ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका अनुसार नेपालबाट वार्षिक ७० लाख किलोभन्दा बढी अर्थोडक्स चिया निर्यात हुने गरेको छ, जसको ९० प्रतिशत हिस्सा भारतीय बजारले ओगट्दै आएको छ । नेपालमा उत्पादित चिया विश्व बजारसम्म पग्ने गरेको छ ।

### वडामार्फत...

वर्षको बजेट निर्माण प्रक्रियालाई थप सहभागितामूलक र जनमुखी बनाउने उद्देश्यले अधिकांश बजेट सम्बन्धित वडामार्फत विनियोजन गरेको जनाएको छ ।

**योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिवद्धता**

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौ,
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८३ असार १ गते लोक सेवा आयोगको ७६ औं वार्षिकोत्सव भव्यताका साथ मनाऔं।

*लोक सेवा आयोगको प्रतिवद्धताः प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता।*

**नेपाल सरकार**
विज्ञापन बोर्ड

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय दमक झापाको**

**सूचना ! सूचना !! सूचना !!!**

मितिः २०८३।०२।३१

दमक नगरपालिकाको पूर्व र पश्चिम तर्फ रहेको रतुवा र मावा खोलाबाट साधारण निर्माणमुखि नदिजन्य सामाग्रीको उत्खनन्, संकलन तथा ढुवानी सम्बन्धि सबै कार्य आज मिति २०८३ साल जेष्ठ ३१ गते बेलुकी ०६:०० बजे (सुर्यास्त) बाट अर्को व्यवस्था नहुन्जेलसम्म बन्द गरिएको छ। सूचनालाई अटेर गरि आफु खुसी नदिजन्य सामाग्री उत्खनन् तथा संकलन गरि ओसारपसार गरेको पाईएमा कानुन बमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

........................
**सुनिल निरौला**
**प्रमुख प्रशासकीय अधिकृत**

**शुभागमन कृषि सहकारी संस्था लि.को**
**विशेष साधारण सभा सम्बन्धी अत्यन्तै जरूरी सूचना**

प्रस्तुत विषयमा यस शुभागमन कृषि सहकारी संस्था लि. दमक, झापाको मिति २०८३/ ०२/३१ गते आईतबार बसेको बैठकको निर्णय अनुसार संस्थाको विनियमको दफा ३५ को १ (ङ) अनुसार यस संस्थाको बिशेष साधारण सभा गर्नुपर्ने भएको हुँदा निम्न मिति समय र स्थानमा सम्पूर्ण शेयर सदस्यहरूलाई अनिबार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**मिति : २०८३/०३/२० गते शनिबार**
**समय : ११ बजे देखि**
**स्थान : संस्थाको कार्यालय**

**लक्ष्मण खनाल**
सचिव

**मनकामना डेन्टल केयर**
**विशेष अफरका साथ**



**यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।**

**Dr. Nabin Kant Chaudhary**
**Consultant Oral & Dental Surgeon**
BDS Bangladesh (RU) NMC No.: 19332

**दमक-६, थानारोड (झापा)**
Call : 9819041615/9810315415

**लाईफ लाईन अस्पताल प्रा.लि.**
दमक-५, झापाको

**सुपर स्पेशियालिटी ओपीडी सेवाहरू**

**प्रत्येक शनिबार**

१. **डा. रामसागर शाह** : बरिष्ठ युरोलोजिष्ट
२. **डा. खुशबु प्रिया मिश्र** : बरिष्ठ ग्यास्ट्रोईन्टरोलोजी
३. **डा. सन्तोष सुवेदी** : बरिष्ठ नफ्रोलोजिष्ट
४. **डा. सम्पन्न बुढाथोकी** : बरिष्ठ कार्डियोलोजिष्ट

**सम्पर्क : ९८०१४१४२८६, ९८०१४१४२८३**

**समय : बिहान १० बजेदेखि २ बजेसम्म ।**

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोनः ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल